# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

**काठमाडौं, मार्ग ३० गते २०२६ साल**

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

भूमि सम्बन्धी ऐन, २०२१ को दफा १ को उप–दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनको परिच्छेद २ देहायका क्षेत्रहरुमा मिति २०२६ साल पौष १ गतेदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

(१) कंचनपुर, (२) बाँके, (३) नवलपरासी, र (४) सर्लाही ।

आज्ञाले-
रामबहादुर रावल
श्री ५ को सरकारको सचिव ।



५३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## भूमिसुधार मन्त्रालयको

## सूचना

भूमि सम्बन्धी ऐन, २०२१ को दफा २ को खण्ड (ञ) र (ट) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

(१) भूमि प्रशासन ऐन, २०२४ लागू भएका जिल्लाहरूमा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ४ को उप–दफा (१) र दफा ६ को उप–दफा (१) को प्रयोजनको निमित्त अधिकारीमा भूमि प्रशासकलाई तोकेको छ ।

(२) भूमि प्रशासन ऐन, २०२४ लागू भएको जिल्लाहरूमा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ६ को उप–दफा (३) को प्रयोजनको निमित्त अदालतमा अञ्चल अदालतलाई तोकेको छ ।

आज्ञाले–
रामबहादुर रावल
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।